# كيف ينظر المسلمون
# لفيروس كورونا ؟

## - رسالة للمسلم وغير المسلم -


( باللغة النيبالية )

# मुस्लिमहरूको दृष्टिमा कोरोना भाइरस् ?

## मुस्लिम र गैर मुस्लिमहरूका लागि सन्देश

للتواصل 00966504392260

كُلنا مسؤول



# मुस्लिमहरूको दृष्टिमा कोरोना भाइरस् ?

## मुस्लिम र गैर मुस्लिमहरूका लागि सन्देश

लेखकः शैख आदिल बिन अब्दुल अजीज अल महल्लावी

१९/७/१४४१ हिज्री

सबै प्रशंसाहरू वास्तविक पूज्य अल्लाहको लागि। हामी सबैका सन्देष्टा मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) माथि धैरै धैरै दरुद व सलाम।

हाल एउटा नयाँ महामारी कोरोना भाइरस (Covid-19) ले विश्व भरीमा मुस्लिम र गैर मुस्लिम सबैलाई आफ्नो चपेटमा लिएको छ। यस बारेमा मुस्लिमहरूको अकीदा (आस्था) फरक भएकोले उनीहरूको दृष्टिकोण पनि भिन्न छ, जो यस प्रकार छः

* मुस्लिमहरूको ईमान (आस्था) हरूमा एउटा आस्था यो हो कि राम्रो र नराम्रो भाग्य अल्लाहकै तर्फबाट छ। अल्लाहले जे चाहनुहुन्छ त्यही हुन्छ र उहाँले जे चाहनुहुन्न त्यो हुन सक्दैन। जस्तो कि अल्लाहले भन्नुभयोः धर्तीमा र तिमीहरूलाई जुनसुकै आपदा आउँछ त्यो प्रकट हुनुअघि नै एउटा किताबमा लिखित छ। निस्सन्देह यो अल्लाहको लागि सजिलो छ। (सूरह अल् हदीदः२२) मुस्लिमहरू यो पक्का आस्था राख्छन् कि अल्लाहले यस जगत र यसमा रहेका मानवको सृष्टि अघि सबै कुरा निश्चित गरिदिनुभयो। यस आस्थाले मुस्लिमहरूलाई सन्तुष्ट बनाउँछ र हरेक समस्याको सामना खुल्ला हृदयले गर्ने योग्य बनाउँछ। मुस्लिमहरूको पक्का विश्वास छ कि यस जगतका एउटा ईश्वर हुनुहुन्छ, जसले यस जगतको सृष्टि गर्नुभएको छ र यसलाई सञ्चालन गरिराख्नुभएको छ। यस आस्थाले उनीहरूलाई सन्तुष्ट र ढुक्क भएर जीवन बिताउन लगाउँछ। यसको विपरीत एक अल्लाहमाथि आस्था नराख्नेहरू सङ्कट आएमा रुन कराउन थाल्छन् र आफ्नो गलत आस्थाले प्राकृतिबाट बदला लिन खोज्छन्। मुस्लिम र गैर मुस्लिमबीच यो एउटा ठूलो फरक हो। यसै आस्थाको कारणले मुस्लिमहरूमा आत्म हत्या धैरै कम पाइन्छ र गैर मुस्लिमहरूमा आत्म हत्या बढी पाइन्छ।

* मुस्लिमहरूको आस्था यस कुरामा छ कि अल्लाह एकलै समूर्ण जगतको सञ्चालन गरि राख्नुभएको छ। अल्लाहले भन्नुभयोः तिमीहरूका पालनकर्ता अल्लाह हुनुहुन्छ जसले ६ दिनमा आकाशहरू र पृथ्वीको सृष्टि गर्नुभयो। फेरि सिंहासनमा विराजमान हुनुभयो। उहाँ नै सबै मामिलाको सञ्चालन गर्नुहुन्छ। उहाँको अनुमतिबिना कोही सिफारिश गर्न सक्दैन। उहाँ अल्लाह नै तिमीहरूका पालनकर्ता हुनुहुन्छ, अतः उहाँ कै भक्ति गर। के तिमीहरू उपदेश ग्रहण गर्दैनौ। (सूरह यूनुसः३) यो अर्थ दिने श्लोकहरू धैरै छन्। यो जगत अल्लाहको आदेश अनुसार सञ्चालित छ। उहाँ जे र जसरी चाहनुहुन्छ मामिलाको सञ्चालन गर्नुहुन्छ। उहाँ भक्तहरूको बारेमा जे निर्णय गर्न चाहनुहुन्छ गर्नुहुन्छ।

यस सम्पूर्ण जगतको व्यवस्था मात्र एउटै व्यवस्थापकद्वारा चल्दैछ। जब एउटा चरा बिना सृष्टिकर्ता जन्म लिन सक्दैन र बिना सञ्चालनकर्ता उड्न सक्दैन भने यो सम्पूर्ण जगत कसरी बिना सृष्टिकर्ता बन्न सक्छ र बिना सञ्चालनकर्ता चल्न सक्छ ?! के यस जगतको कोही सञ्चालनकर्ता छैन र ?! अवश्य छ।

विचार गर्नुहोस्, मानिसहरू कसरी शान्तिपुर्वक र ढुक्क भएर जीवन बिताइरहेका थिए। तर अकस्मात कोरोना भाइरसले गर्दा अवस्थामा बदलाव आयो, राष्ट्रहरू ब्याकुल भए र विश्वको अर्थ व्यवस्था झर्न थाल्यो। यी सबै अल्लाहकै आदेशले भयो। उहाँको आदेशलाई कोही बदलन सक्दैन। उहाँको हरेक कार्यमा ठूलो विवेक लुकेको हुन्छ। यस महामारीमा निम्न लिखित भलाइ र विवेकहरू छन्ः

मुस्लिमको यो आस्था हो कि अल्लाहले जे पनि निर्णय गर्नु हुन्छ त्यो भक्तहरूको लागि राम्रो हुन्छ।

के तपाईंले रोगबाट पीडित व्यक्तिमा विचार गर्नुभयो ? त्यो कसरी कष्ट महसुस गर्छ, रुन्छ र कराउँछ । तर हाम्रो आस्था छ कि त्यो व्यक्तिले परलोकमा त्यसको प्रतिदान पाउनेछ । लोकमा पनि उसको लागि भलाइ छ । उसको रोगले उसलाई यो पाठ सिकाउँछ कि उसले कसैमाथि अत्याचार गर्नु हुँदैन, अत्याचार गरेमा उसले सजाय भोग्नुपर्छ । उसको रोगले उसलाई यो पाठ सिकाउँछ कि उसले अरूमाथि दया गर्नु पर्छ, आफ्नो स्वास्थ्यको ध्यान राख्नुपर्छ, यसरी ऊ ठूलो रोगबाट जोगिन सक्छ ।

के तपाईंले विचार गर्नुभयो, उसको रोग उसको लागि मात्र दुःखको विषय होइन बरु त्यसमा धेरै भलाइ पनि लुकेका हुन्छन् ?

हामी मुस्लिमहरू यसरी रोग इत्यादिलाई यस दृष्टकोणले हेर्छौं । यदि रोगमा यति भलाइ छन् भने सर सफाइ र रोगबाट बच्न पूर्व सावधानी अपनाएमा कति भलाइ र फाइदा हुन्छ ? यसले अल्लाहको आज्ञाले ठूला रोगहरूबाट जोगाउँछ र अल्लाहतर्फ फर्कन लगाउँछ, भक्तहरूको अत्याचारबाट जोगाउँछ र आत्म शुद्धिको कारण बन्छ ।

यस कुराले एकजना ईश्वरलाई नमान्ने भौतिकवादी कम्युनिस्टलाई ब्याकुल पार्छ । मात्र देखा परेका वस्तुहरूमा विश्वास राख्नेहरू आज कसरी नदेखिने भाइरसमा विश्वास गर्न थालेका छन् ?

यसको जवाफः

भौतिकवादीहरूले त्यसका प्रभावहरू देखे र त्यस प्रभावले गर्दा यस कुरामा विश्वास गरे कि र यसको समाचारमा कुनै शङ्का गरेनन् । उसलाई के भन्नुपर्छ भनेः के यो जगत, यसमा फैलिएका निशानीहरू र यसका व्यवस्थापनले यो प्रमाणित गर्दैन कि ईश्वर एक मात्र हुनुहुन्छ, उहाँले नै यी सबैको सृष्टि गर्नुभएको छ र उहाँ नै सबैको सञ्चालन गरिराख्नुभएको छ ?!

यदि भौतिकवादीहरूले यस कुरालाई मान्दैनन्, नदेखिने अल्लाहमाथि ईमान ल्याउँदैनन् र नदेखिने भाइरसमाथि विश्वास गर्छन् भने यो यस कुराको प्रमाण हो कि तिनीहरूमा बिगमड आएको छ ।

हामी तिनीहरूलाई एक अल्लाहमाथि ईमान ल्याउने आह्वान गर्छौं । यस जगत र यसमा सर्वत्र फैलिएका निशानीहरूले यही कुरा प्रमाणित गर्छन् । एक ईश्वरमाथि आस्था तिनीहरूको आवश्यक्ता हो । उहाँ नै सम्पूर्ण जगतका पालनकर्ता हुनुहुन्छ ।

अल्लाहले मुस्लिमहरूमाथि हरेक दिन र रातमा ५ समयको वुजु र सलाह अनिवार्य गर्नुभयो । यो यस रोगबाट बचावको पहिलो रेखा हो । आफूलाई र अरूलाई यस महामारीबाट जोगाउने यो राम्रो उपाय हो । यो इस्लामी शरीआ कानुनको सुन्दरता हो । सफा सुग्घर रहनु र सलाह कायम गर्नुका संसारिक फाइदाहरू पनि छन् । यसले गर्दा मानवले संसारमा आराम, सन्तुष्टता र प्रसन्नता प्राप्त गर्छ ।

हाम्रो शरीआ कानुनले यो पनि सिकाएको छ कि स्वस्थ्य र रोगी मानिसहरूबीच घुलमिल नहोस् । स्वस्थ्यले रोगीबाट बच्नुपर्छ र टाढा रहनुपर्छ । यो सतर्कता हाम्रा नबी (सल्लल्लाहु अलैहि व सल्लम) ले १४४० वर्ष अघि नै सिकाउनुभयो ।

नबी (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभयोः रोगी मानिस स्वस्थ्य मानिस नजिक नआओस्। (मुस्लिम)

नबी (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभयोः कुष्ठ रोगीबाट यसरी टाढा भाग जसरी सिंहबाट टाढा भाग्छौ। (मुस्नद अहमद)

विचार गर्नुहोस् कसरी इस्लामले संसारमा आफ्ना अनुयायीहरूको स्वास्थ्य र सुरक्षाको लागि निर्देशन दिएको छ, ताकि उनीहरूले संसारमा स्वस्थ्य र सुरक्षित जीवन बिताउन्। यसरी हेर्दा यो कुरा स्पष्ट हुन्छ कि इस्लाम जोगीको धर्म होइन बरु पूर्ण जीवन व्यवस्था हो।

यस्ता महामारीको समयमा मुस्लिमहरू बढी अल्लाहतर्फ फर्कन्छन् र यसबाट निवारणको लागि प्रार्थना गर्छन्। मानव प्राकृतिकरूपमा ईश्वरको आवश्यक्तामा हुन्छ ताकि उहाँतर्फ फर्केर आफ्नो आवश्यक्तालाई राख्न सकोस् र प्रार्थना गर्न सकोस्। दुःखको समयमा उहाँसित निवारणको लागि विन्ती गर्न सकोस्। यसलाई घमण्डीहरू मात्र इन्कार गर्छन्। ईसाईहरू आफू जस्तै मानवसित माग्छन् जसमा पालनकर्तामा पाइने गुणहरू हुँदैनन्। तिनीहरूका धर्मगुरुहरूले जे कुरा रचेर बताएकाछन् त्यही कुराहरूमा विश्वास गर्छन्। बहुदेववादीहरू भौतिक वस्तुहरू, जनावरहरू र आफ्नै हातले बनाएका मूर्तीहरूसित माग्छन्। यदि तिनीहरूले सत्यको खोज गर्छन्, बुद्धि प्रयोग गर्छन् र निसाफबाट काम लिन्छन् भने अवश्य नै यस निष्कर्षमा पुग्छन् कि यी वस्तुहरूको पूजा गलत हो। यसरी मुस्लिमहरूको आस्था नै ठीक आस्था हो, यसमा कुनै सन्देह छैन। किनभने उनीहरू प्रमाणहरूको प्रकाशमा यो आस्था राख्छन् कि अल्लाह नै सबैका सृष्टिकर्ता, पालनकर्ता र सञ्चालनकर्ता हुनुहुन्छ। उहाँ हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ र सबै मामिलाको सञ्चालन गर्नुहुन्छ। त्यसैले सबै मुस्लिमहरू यो आशा राख्छन् कि सबै किसिमका फाइदा पुर्याउने र हानि, कष्ट, दुःख, पीडा तथा महामारीलाई निवारण गर्ने मात्र एक अल्लाह हुनुहुन्छ।

अतः प्रत्यके बुद्धिमान र आफ्नो हित चाहनेहरूले यस मामिलालाई निसाफको दृष्टिकोणले हेर्नुपर्छ ताकि सर्वनाशबाट जोगिन सकुन्।

लेखकः शैख आदिल बिन अब्दुल अजीज अल महल्लावी

१९/७/१४४१ हिज्री